## कार्यापालिका बैठक संख्या ३९ का निर्णहरु :

**निर्णय नं. १ :**

खैरहनी नगरपालिकाको आर्थिक कार्यविधि नियमीत तथा व्यवस्थित गर्न बनेको कानून २०७४ लाई संशोधन गर्न बनेको ऐन २०७६ लाई संशोधन सहीत पारीतको लागि नगरसभामा पेश गर्ने व्यवस्था मिलाउन नगर कार्यपालिकाको कार्यालयलाई निर्देशन दिने निर्णय गरियो ।

**निर्णय नं. २ :**

नगरपालिकाको छैटौं नगरसभा अधिवेशन यही २०७६/१०/११ गते बिहान ११.०० बजे नगरपालिका सभाहलमा बस्ने निर्णय गरियो ।

**निर्णय नं. ३ :**

विभिन्न मितिमा नगर प्रमुखबाट विभिन्न कोषबाट खर्च गर्ने गरी भएका निणर्य अनुमोदन गर्नुको साथै नगर प्रमुखबाट कार्यपालिकाको बैठकबाट अनुमोदन गराउने गरी भएको भेरीएशन आदेशको निर्णयलाई अनुमोदन गर्ने निर्णय गरियो ।

(क) साझा फुलवारी टोलविकास संस्था अन्तरगत वडा नं. २ को खोलामा रहेको फोहर व्यवस्थापन गर्न लागेको रकम मर्मत संभार कोषबाट भुक्तानी भएको रु.११,०००।-

(ख) नरेन्द्र चौधरीको घर देखी रबी शेरचनको घरसम्म बाटोमा मोजाईक टायल लगाउन वडा नं. ८ लाई स्थानीय विकास कोषबाट भुक्तानी हुने गरी बिनियोजन भएको रकम रु. १,१८,०००।-

(ग) खैरहनी नगरपालिका वडा नं. ५ स्थित गौचरनमा निर्माण गरिएको रिभर ट्रेनिङ्ग वालको सम्झौता भएको रकम रु.१,०५,२४,१९८।५० भएतापनि कार्य सम्पन्न पश्चात मूल्याङ्कन गर्दा जम्मा रकम रु.८४,५८,८१२।२२ मूल्याङ्कन हुन भएकोले १९.६२ प्रतिशत नकरात्मक भेरीएसन भई भेरीएसन आदेश स्वीकृत गर्ने गरी नगर प्रमुखबाट भएको निर्णयलाई अनुमोदन गर्ने निर्णय गरियो ।

**निर्णय नं. ४ :**

नगरपालिकाको फोहरमैला व्यवस्थापनको जिम्मा लिएको संस्थासंगको सम्झौता समाप्त हुन लागेकोले सम्झौताको समाप्ती पश्चात फोहरमैला व्यवस्थापनको लागि केहीन केही व्यवस्था गर्नु पर्ने हुन आयो । नगरपालिकाले हाल अपनाई आएको सार्वजनिक निजी साझेदारी मोडलबाट पनि नगरपालिका सन्तुष्ट हुन नसकिरहेको अवस्थामा वडाहरुमा गठन भएका टोलविकास संस्थासंगको साझेदारीमा नगरपालिकाले व्यवस्थापन गर्ने निर्णय गरियो । त्यसरी फोहरमैला व्यवस्थापनको जिम्मा दिनु भन्दा पहिला निम्नानुसारको व्यवस्था मिलाउन नगरकार्यपालिकाको कार्यलयलाई निर्देशन दिने निर्णय गरियो ।

(क) सबै टोलविकास संस्थाका सदस्यहरुलाई फोहरमैला व्यवस्थापनका बारेमा जानकारी दिन अनुशिक्षण कार्यक्रम सञ्चालन गर्ने व्यवस्था मिलाउने,

(ख) नगरपालिकाको विकास निर्माणका कामको साथै आवश्यकता अनुसार फोहरमैला व्यवस्थापनको लागि समेत प्रयोग गर्ने गरी एक थान ट्याक्टर खरिदको व्यवस्था मिलाउने,

(ग) नगरपालिकाको फोहरमैला व्यवस्थापनको लागि ३ थान ट्याक्टर भाडामा लिई सञ्चालनको व्यवस्था मिलाउने ।

**निर्णय नं. ५ :**

नगर क्षेत्रबाट नदीजन्य पदार्थ तथा खानीजन्य पदार्थको अवैध उत्खनन् तथा ओसारपसारको नियन्त्रणलाई प्रभावकारी बनाउन कार्यपालिकाको निर्णयानुसार नगरपालिकाले हालसम्म अवैध उत्खनन् तथा ओसारपसारमा संलग्न सवारी साधनबाट असुल भएको रकमको ५० प्रतिशत रकम ईलाका प्रहरी कार्यालयलाई उपलब्ध गराउँदै आएकोमा नगरपालिकाले सुरक्षा निकायलाई प्रदान गरेको प्रोत्साहन वापतको रकम प्रचलीत सरकारी नियम भन्दा बढी भएको, निकै नै जन गुनासो आएकोले यसलाई पुर्नविचार गरी आज कै मितिबाट त्यसरी ईलाका प्रहरी कार्यालयको अगुवाईमा नियन्त्रमा लिइएका सवारी साधनहरुबाट असुल भएको रकमको २५ प्रतिशत रकम मात्र ईलाका प्रहरी कार्यालयलाई उपलब्ध गराउने निर्णय गरियो ।